पत्र संख्या Ref: ०७७।७८-६८

श्री के पी शर्मा ओलीज्यू,
अध्यक्ष,
नेपाल कम्युनिष्ट पार्टी (ने क पा)
केन्द्रीय कार्यालय, काठमाण्डौ।

मिति: २०७७।१०।१२

श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू,
अध्यक्ष,
नेपाल कम्युनिष्ट पार्टी (ने क पा)
केन्द्रीय कार्यालय, काठमाण्डौ।

विषय:- निर्णयको जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा आयोगको मिति २०७७।१०।११ मा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा निर्णयानुसार जानकारीको लागि अनुरोध छ :-

देहाय

"नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच वि. सं. २०७५ जेठ ३ गते एकता भई आयोगको मिति २०७५।२।२३ को निर्णयानुसार दल दर्ता नं. १४५ मा अभिलेखीकरण भएको देखिन्छ। नेपाल कम्युनिष्ट पार्टी (ने क पा) दर्ता भएका बखत पार्टीको विधान, नियमावली, घोषणापत्र लगायतका कागजात र केन्द्रीय समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नामावली समेत आयोगमा अभिलेखीकरण भएको देखिन्छ ।

**नेपाल कम्युनिष्ट पार्टी ( ने क पा ) का तर्फबाट अध्यक्ष के पी शर्मा ओलीले दस्तखत गरेका देहायका पत्र आयोगमा प्राप्त भएका छन्:-**

(१) केन्द्रीय कमिटी सदस्य मनोनयन भन्ने विषयको आयोगमा मिति २०७७।९।७, द. नं. ५३९ मा दर्ता भएको पत्र,

प्रस्तुत पत्रसाथ केन्द्रीय समितिमा थप मनोनयन गरीएका ५५६ जना व्यक्तिहरुको नामावली र सो विषयको निर्णयको जानकारी संलग्न रहेको,

(२) केन्द्रीय कमिटीको बैठकका निर्णयहरु तथा विधान संशोधन पारित प्रस्ताव पेश गरेको सम्बन्धमा भन्ने विषयको आयोगमा मिति २०७७।९।९, द. नं. ५५९ मा दर्ता भएको पत्र,




कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प्रस्तुत पत्रसाथ संलग्न कागजातमा केन्द्रीय समितिको तेश्रो पूर्ण बैठकका निर्णयहरु उल्लेख गर्दै अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" को कार्यकारी अधिकार बदर गर्ने, नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान संशोधन गरी सो विधान संशोधनको प्रति र सोको तीन महले संलग्न रहेको,

(३) आयोगको च. नं. ०७७-७८-५७ , मिति २०७७।९।२३ को पत्रको जवाफ पठाएको भन्ने विषयको आयोगमा मिति २०७७। ९।२९ , द. नं. ७०८ मा जवाफ दर्ता भएको पत्र,

प्रस्तुत जवाफमा देहायका कुरा उल्लेख भएको देखिएको छः-

(क) अध्यक्ष के पी शर्मा ओली राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा २ (ठ) बमोजिम प्रमुख पदाधिकारी रहेको र २०७३ सालमा सम्पन्न स्थानीय तह, २०७४ सालमा सम्पन्न प्रतिनिधी सभा, राष्ट्रिय सभा तथा प्रदेश सभा निर्वाचनमा आयोगमा राजनीतिक दल दर्ता गर्नुपर्ने व्यवस्था बमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४, राजनीतिक दल सम्वन्धी नियमावली, २०७४ को नियम १६ (१) तथा अनुसूची-१२ बमोजिम प्रमुख पदाधिकारीको हैसियतमा हस्ताक्षर गरिएको,

(ख) वि. सं. २०७५ जेठमा दल एकीकरण हुंदा आ-आफ्नो दलको प्रमुख पदाधिकारीको हैसियतमा रहेको,

(ग) प्रथम अध्यक्षको हैसियतमा रही सबै माइन्यूटमा एक नम्बरमा नाम रहेको र दुई नम्वरमा अध्यक्ष पुष्पकमल दाहालको नाम रहेको, प्रमुख पदाधिकारी बाहेक अरुबाट कुनै कागजात पेश गर्दा बैठकबाट माइन्यूट हुने गरेको,

(घ) निर्वाचन आयोगमा पत्राचार गर्ने द्धितीय अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई कुनै अधिकार नदिईएको,

(ङ) निर्वाचन आयोगले पत्रमा उल्लेख गरेका विधानको व्यवस्था र पार्टीको विधानको व्यवस्था फरक फरक रहेको, प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहको उप निर्वाचन र राष्ट्रिय सभा निर्वाचनमा दल दर्ता गर्दा विधान समेत संलग्न गरी पेश गरिएको मिति २०७७ पौष ७ र ऐ. पौष ९ गते बसेको बैठकले विधान संशोधन गरेको र सो संलग्न रहेको,

(च) विधानको धारा १७ (ख) बमोजिम दुई वर्ष भित्र महाधिवेशन गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको र धारा १८ (क) ले एकता महाधिवेशन नभएसम्म मात्र केन्द्रीय कमिटी सर्वोच्च संस्था हुने उल्लेख भएको, सो दुई वर्ष भित्र महाधिवेशन सम्पन्न नभएको र यस्तो विषम अवस्थाबाट जोगाउन विधानको धारा १८ (झ) (२) र (५) मा अंध्यक्षलाई पार्टी केन्द्रीय कमिटीको मात्र नभई पार्टीको प्रमुख नेताका रुपमा समग्र पार्टीको नेतृत्व गर्ने र विधानलाई कार्यान्वयन गर्ने अधिकार रहेको हुँदा सोही अधिकार प्रयोग गरी पार्टी एकीकरण गर्दाको विधि बमोजिम नै




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

केन्द्रीय कमिटी गठन गरी मिति २०७७ पौष ७ गते बैठक बोलाई महाधिवेशन गर्ने मिति २०७८ मंसीर २ गते देखि ६ गते सम्म हुने कुरा निर्धारण गरी सो अवधिसम्म केन्द्रीय कमिटीको वैधता निरन्तर रहने निर्णय गरेको,

(छ) विधानको धारा १८(ट) (१) बमोजिम केन्द्रीय कमिटीको बैठक अध्यक्षको परामर्शमा महासचिवले बोलाउने व्यवस्था रहेको, विधि र पद्धति बाहिर गई कसैले बैठक बोलाउन नसक्ने,

(ज) केन्द्रीय कमिटीको कार्यकाल समाप्त भए पश्चातको अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड " पक्षले गरेको निर्णयको औचित्य नभएको, निजले आयोगमा पठाएका भनिएका पत्रहरुमा उल्लेख भए बमोजिम महासचिवले कुनै बैठक नबोलाएको,

(झ) एकता महाधिवेशन नभएसम्म एउटा अध्यक्षले अर्को अध्यक्षलाई निष्काशन गर्न नसक्ने,

(ञ) स्थायी कमिटीको बैठकमा अध्यक्षबाट हटाउने एजेण्डा नभएको, सुनुवाईको मौका नदिइएको,

(ट) ताजा जनादेशमा जाने कुरालाई विधानको धारा ५६ ले अनुशासनको उल्लंघन नमानेको,

(ठ) महाधिवेशनमा पराजित व्यक्तिलाई केन्द्रीय कमिटीले अध्यक्ष बनाउन नसक्ने,

(ड) पुष्पकमल दाहाल समेतले आयोगमा पत्र पठाई पार्टी विभाजनको हिसावले पत्राचार गरे झै नेपाल कम्युनिष्ट पार्टी (ने क पा) विभाजन भएको छैन र होइन, मेरो नेतृत्वमा आगामी २०७८ मंसीर २ गते देखि ६ गतेसम्म एकता महाधिवेशन गर्ने निर्णय गरी सो महाधिवेशन नभएसम्मको लागि पार्टीको प्रमुख पदाधिकारी तथा प्रथम अध्यक्षको नाताले पार्टी एकीकरण गर्दाको मर्म, भावना अनुरुप र विधानको धारा १८ (झ) (२) र (५) बमोजिम गठन भएको केन्द्रीय कमिटीमा श्री पुष्पकमल दाहाल "प्रचण्ड " साविकमा झै दुई नम्वर अध्यक्ष हुनुहुन्छ, अर्को दावीकर्ता श्री माधव कुमार नेपाल वरिष्ठ नेता रहनुभएको, वहाँहरुले पेश गरेको भेलाको माइन्यूटमा हस्ताक्षर गर्ने मध्ये धेरैले मिति २०७७ पौष ७ र ९ गते बालुवाटारमा महासचिवले अध्यक्षको परामर्शमा बोलाउनु भएको बैठकमा हस्ताक्षर गर्नु भएको,

(ढ) पार्टी निर्णय वमोजिम पठाएको विधान संशोधन र केन्द्रीय कमिटीको विस्तार सम्बन्धी जानकारीहरु राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र नियमावलीको नियम २५ बमोजिम अभिलेखीकरण गरी दिन अनुरोध गरिएको।

(४) अभिलेखीकरण सम्बन्धमा भन्ने विषयको यस आयोगमा मिति २०७७।१०।८, द. नं. ७७३ मा दर्ता भएको पत्र ।

प्रस्तुत पत्रमा देहायका कुरा उल्लेख भएको देखिएको छ :-

(क) यस राजनीतिक दलको प्रथम अध्यक्ष के पी शर्मा ओलीले पार्टी विधान बमोजिम केन्द्रीय कमिटीको सदस्यमा मनोनीत गरिएको व्यक्तिहरूको नामावली यस दलद्वारा मिति



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

२०७७।९।६ मा त्यहाँ प्रेषित भइसकेको छ। प्रथम अध्यक्ष के पी शर्मा ओलीद्वारा भएको सो मनोनयनको सट्टा सो मा परिमार्जन गरी केन्द्रीय कमिटीका सदस्यमा मनोनीत गरीएका व्यक्तिहरूको नामावली यसैसाथ छ। यस नामावलीलाई मिति २०७७।९।७/९ मा सम्पन्न केन्द्रीय कमिटीको तेस्रो बैठकद्वारा अनुमोदन समेत भईसकेको हुँदा यसैसाथ संलग्न केन्द्रीय कमिटीका सदस्यहरूको नामावली अभिलेखीकरण गरिदिनु हुन अनुरोध छ।

(ख) उपरोक्त बमोजिम नामावलीका साथै यस दलबाट त्यस आयोगमा मिति २०७७।९।२९ मा प्रेषित गरिएको आयोगको मिति २०७७।९।२३ को पत्र सम्बन्धमा लेखिएको पत्रसाथ संलग्न विभिन्न सात प्रकारका माइन्युट, विधान संशोधन, विभिन्न पत्रहरू, माइन्युट, विभिन्न निर्देशनहरू, अन्तर पार्टी निर्देशन लगायतका कागजातहरू आवश्यक कार्यार्थ तहाँ अभिलेखीकरण गर्नुपर्ने जतिमा अभिलेखीकरण गरिदिनुहुन अनुरोध छ।

के पी शर्मा ओलीद्वारा मिति २०७७।९।६ गते मनोनीत र केन्द्रीय कमिटीको तेस्रो बैठकवाट अनुमोदित केन्द्रीय कमिटीका सदस्यहरूको २७ पाने नामनामेशी सहित जम्मा ९३० जनाको विवरण र निजहरूको नागरिकताको प्रतिलिपि समेत सो पत्रसाथ संलग्न रही उक्त नाम नामेशी विवरण र पत्रमा के पी शर्मा ओलीबाट दस्तखत भएको देखिन्छ।

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" ले दस्तखत गरेका देहायका पत्रहरू तथा निवेदन प्राप्त भएका छन :-

(१) पार्टीको स्थायी समितिले गरेका निर्णयको जानकारी भन्ने विषयको यस आयोगमा मिति २०७७।९।६, द नं ५३८ मा दर्ता भएको पत्र,

प्रस्तुत पत्रमा स्थायी समितिको निर्णयमा अध्यक्ष के पी शर्मा ओलीलाई विधानको धारा ५६ को (क) विपरित काम गरेकोले अनुशासनको कारवाहीका लागि केन्द्रीय कमिटीमा प्रस्ताव लाने निर्णय गरिएको।

(२) नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रीय कमिटीका निर्णयहरुबारे भन्ने विषयको यस आयोगमा मिति २०७७।९।८, द. नं. ५५५ मा दर्ता भएको पत्र,

प्रस्तुत पत्रमा अध्यक्ष के पी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाइएको, वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्ष पदमा निर्वाचित गरिएको, पार्टीको निर्णयपुस्तिका लगायतका कागजातहरुमा प्रमाणीकरण अध्यक्षद्वय पुष्पकमल दाहाल "प्रचण्ड" र माधव कुमार नेपालबाट हुने, अभिलेखमा दल दर्ता किताबमा कायम रहेको अध्यक्ष के पी शर्मा ओलीको नाम हटाई अध्यक्ष माधव कुमार नेपालको नाम कायम गरी अद्यावधिक तथा अभिलेखीकरण गरीदिन लेखी पठाएको




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं : (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

भन्ने समेतका व्यहोरा उल्लेख भएको साथै केन्द्रीय समितिको निर्णय उतारमा समेत अध्यक्ष के पी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाउने उल्लेख भएको।

(३) दलको विवरण सामान्य परिवर्तन गरिएकोबारे भन्ने विषयको यस आयोगमा मिति २०७७।९।१०, द. नं. ५६३ मा दर्ता भएको निवेदन,

प्रस्तुत निवेदनमा विवरण हेरफेर भएको भनी "आयोगमा अभिलेखीकरण गरिएको केन्द्रीय कमिटीका दुई अध्यक्षहरु मध्ये के पी शर्मा ओलीको स्थानमा माधव कुमार नेपाल राखिएको" भन्ने उल्लेख भएको, दलको नाम, चुनाव चिन्ह (सूर्य) अन्य कुनै समूहलाई प्रयोग गर्न नदिने व्यवस्था गर्न अनुरोध गरिएको, बहुमत केन्द्रीय सदस्य उपस्थित भै निर्णय गरेको निर्णय नै वैधानिक हुने, हाल केन्द्रीय कमिटीका सदस्यहरुको संख्या ४३४ रहेको, अध्यक्ष के पी शर्मा ओलीबाट गणपूरक संख्या नपुऱ्याई बोलाइएको केन्द्रीय कमिटीको बैठक विधान विपरित रहेको, विधानका विभिन्न धारा उल्लेख गर्दै अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई कार्यकारी अधिकार दिइएको कुरा उल्लेख भएको, अध्यक्ष पदबाट मुक्त गरिनु भएका के पी शर्मा ओली संलग्न समूह वा अन्य कुनै समूहले कुनै अवैधानिक वा कानून विपरित नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को बारेमा गर्ने दावी वा काम कारवाहीलाई अमान्य ठहऱ्याउन तथा अनाधिकृत दावी पत्राचार समेत स्वतः खारेजयोग्य हुने तथ्य तर्फ ध्यान दिन अनुरोध गरिएको भन्ने समेतका व्यहोरा उल्लेख भएको देखिएको ।

(४) पत्रको जवाफ लेखिएको सम्बन्धमा भन्ने विषयको यस आयोगमा मिति २०७७।९।२१, द नं ६३२ मा दर्ता भएको पत्र,

प्रस्तुत पत्रमा आयोगले पठाएको पत्र प्रासांगिक र औचित्यपूर्ण नभएको, कुनै दावी प्रस्तुत गर्नुपर्ने अवस्था र स्थिति विद्यमान नरहेको व्यहोरा जानकारी गराएको भन्ने समेतका व्यहोरा उल्लेख भएको।

(५) आयोगको च. नं. ०७७-७८-५७ , मिति २०७७।९।२३ को पत्रको सम्बन्धमा सुधार सहितको जानकारी पठाउनु भन्ने पत्रको जवाफ सम्बन्धमा भन्ने विषयको यस आयोगमा मिति २०७७।९।२९, द. नं. ७१३ मा दर्ता भएको पत्र,

प्रस्तुत पत्रमा देहायका कुरा उल्लेख भएको देखिएको छः-

(क) नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष के पी शर्मा ओलीलाई विधिसम्मत रुपमा पार्टीको अध्यक्ष पदबाट हटाई निष्काशन गरिसकेको जानकारी पत्रहरुबाट यस दलले त्यस आयोगमा पुष्टि गरिसकेको अवस्थामा निजले आयोजना गरेको केंन्द्रीय कमिटीले विधान संशोधन गर्ने, अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई प्रदान गरिएको कार्यकारी अधिकार बदर गर्ने, केन्द्रीय कमिटीको संख्या ४४१ बाट ११९९ हुने भन्ने त्यस आयोगमा पठाएको जानकारी पत्रको कुनै



"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

आधिकारिकता छैन र यस दलको अन्तरिम विधान-२०७५ प्रतिकूल भएको समेत अवगत गराएको,

(ख) मिति २०७५।२।३ मा पार्टी एकता भई आयोगबाट ऐ. जेठ २३ गते नेपाल कम्युनिष्ट पार्टी (ने क पा) दर्ता गर्ने निर्णय बमोजिम अभिलेखीकरणमा अध्यक्ष के पी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" को संयुक्त हस्ताक्षर र घोषणापत्र सहितको ४४१ जनाको केन्द्रीय सदस्यको बहुमत सदस्यहरुको उपस्थित बिना निज तत्कालिन अध्यक्ष के पी शर्मा ओलीको अध्यक्षतामा बसेको केन्द्रीय समितिको बैठक र सो अनाधिकृत बैठकले गरेको निर्णय आधिकारिक र विधिवत नभएको, निज अनुशासनको कारवाहीमा परी अध्यक्ष पदबाट निष्काशन गर्दा केन्द्रीय समितिका ४४१ मध्ये अत्यधिक बहुमत सदस्यहरु अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" को अध्यक्षतामा बसेको मिति २०७७।९।७ गते र ऐ. ९ गते केन्द्रीय समितिको तेश्रो पूर्ण बैठकमा उपस्थित केन्द्रीय कमिटीको सदस्यहरुको हस्ताक्षर सहितको बैठकका निर्णयहरु उल्लिखित मितिको अनुसूचीकृत जानकारी पत्रहरुमा उल्लेख गरी पठाई सकेको र त्यस आयोगले निष्काशित अध्यक्ष के पी शर्मा ओलीको अनाधिकृत पत्रहरुमा अलमलमा पर्नु पर्ने कुनै कारण र औचित्यता नभएको,

(ग) विधानको धारा १८ (क) ले केन्द्रीय कमिटी दुई महाधिवेशन बीच सर्वोच्च कार्यकारी संस्था तथा उच्च निकाय हुने, धारा ४३ (ङ) ले निर्वाचित सदस्य संख्याको १० प्रतिशत नबढाई मनोनयन गर्न सक्ने, धारा ६५ मा बहुमतको निर्णय पार्टीको निर्णय हुने प्रावधान रहेको, धारा ७१ (घ) मा विधान संशोधन गर्नु परेमा केन्द्रीय कमिटीको दुई तिहाई सदस्य आवश्यक हुने वाध्यात्मक व्यवस्था भएको बारे त्यस आयोगमा पार्टी दर्ताको समयमा दाखिला भएको अन्तरिम विधानमा प्रष्ट उल्लेख भएको, केन्द्रीय कमिटीबाट अनुशासनमा कारवाही भएको चित्त नबुझे धारा ६१ (ख) (११) अन्तर्गत अनुशासन आयोगमा पुनरावेदन गर्ने र अनुशासन आयोगको निर्णय चित्त नबुझे महाधिवेशनले अन्तिम निर्णय लिने व्यवस्था रहेको,

(घ) मिति २०७७।९।७ को बैठकले के पी शर्मा ओलीलाई पार्टीको अध्यक्ष पदबाट अनुशासनको कारवाही गरेको पदाधिकारी हेरफेरको निर्णय त्यस आयोगको दल दर्ता किताबमा अद्यावधिक गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ (१) (२) (३) अन्तर्गतको प्रष्ट व्यवस्थालाई त्यस आयोगले तत्काल अवलम्बन गर्नुपर्ने निर्विवाद भएको,

(ङ) अध्यक्ष के पी शर्मा ओलीले यस पार्टीको विधान उल्लंघन गरेको कसूरमा निजलाई अनुशासनको कारवाही गर्ने सर्वोच्च अंग केन्द्रीय कमिटीको निर्णय बमोजिम पदाधिकारी हेरफेर




कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

भएको विषय दल दर्ता किताबमा अभिलेख गर्न पार्टीको माइन्यूट, कागजात र पत्रहरुको आधारमा नमिल्ने भन्ने त्यस आयोगको निर्णय कानूनसम्मत नभएको,

(च) दलको विधान, नेपालको संविधान र कानूनले तोकेको संरचनामा छ छैन हेर्न जाँचबुझ गरी शुरु दल दर्ता गर्न मिल्ने नमिल्ने निर्णय गर्ने अधिकारसम्म आयोगको हो तर दलको बहुमत केन्द्रीय सदस्यले अनुशासनको कारवाही गरेको पदाधिकारिको सट्टा अर्को नेतालाई अध्यक्ष पदमा चयन गरेको विषय दल दर्ता किताबमा हेरफेर गरी अद्यावधिक गर्नुपर्ने भनी कानूनले तोकेको दायित्वबाट आयोग अलग हुन वा पन्छिन नमिल्ने,

(छ) अध्यक्ष के पी शर्मा ओलीलाई अनुशासनको कारवाही गरी पदबाट हटाई सो रिक्त पदमा वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्ष चयन गरी उक्त अध्यक्ष पदको पदाधिकारी हेरफेर भएकोले यसमा कुनै सुधार गर्नुपर्ने अवस्था र स्थिति विद्यमान नरहेकोले हेरफेर गरी विवरण अद्यावधिक गरिदिन अनुरोध गरिएको,

(ज) नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्षता, तटस्थता, निर्भिकताको परिपालना होस् भन्ने देश र जनताको चाहनालाई कसैले बिर्सन नमिल्ने, राज्यका संवैधानिक अंगहरुको सामान्य त्रुटीले मुलुक अन्योलताको स्थिति तर्फ नधकेलियोस् भन्ने तर्फ सबै सचेत हुन र यसलाई आत्मसात गर्न जरुरी ।

नेपाल कम्युनिष्ट पार्टी ( ने क पा ) का तर्फबाट अध्यक्ष के पी शर्मा ओली र पुष्पकमल दाहाल "प्रचण्ड " ले छुट्टाछुट्टै पत्राचार गरी आपसमा नमिलेका विवरण व्यहोरा र दलको विधानमा रहेका यस विषयसँग सम्बन्धित प्रावधानका आधारमा दलको विवरण अद्यावधिक गर्न सुधार सहितको विवरण आउनुपर्ने र त्यस्तो विवरण ऐन, नियमावलीको व्यवस्था र सो दलको विधानसम्मत समेत हुनुपर्ने देखिएकोले सुधार सहितको विवरण सात दिनभित्र पेश गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (४) बमोजिम अध्यक्ष के पी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई आयोगको मिति २०७७।९।२३ को निर्णय बमोजिम पत्राचार गरिएको थियो।

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का तर्फबाट दल एकता भई दर्ता हुँदा मिति २०७५ ।२।२३ मा आयोगले निर्णय गरी अभिलेखीकरण गरेको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान-२०७५ मा दुवै पक्षले पेश गरेका विभिन्न विषयमा देहायका प्रावधान रहेको देखिएको छ :-

विधानको धारा १८ (क) (१) मा दुई जना अध्यक्ष रहने व्यवस्था, ऐ. धारा १८ (क) (१) मा केन्द्रीय कमिटी ४४१ सदस्यीय रहने व्यवस्था र स्थायी कमिटी ४५ सदस्यीय रहने व्यवस्था, ऐ. धारा १८ (ग) (१२) मा



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

पार्टी सदस्यलाई कारवाही गर्न सक्ने समेतको व्यवस्था, ऐ. धारा १८ (छ) (८) मा आगामी एकता महाधिवेशन सम्मको लागि दुई अध्यक्षले आलोपालो अध्यक्षता गर्ने र अध्यक्षता गर्ने अध्यक्षको वरियता पहिलो हुने, आधिकारिक निर्देशन र पत्राचारमा दुवै अध्यक्षको हस्ताक्षर हुने व्यवस्था, ऐ. धारा (४३) (ङ) मा केन्द्रीय कमिटीले कुल निर्वाचित सदस्य संख्याको १० प्रतिशतमा नबढाई सदस्यहरु मनोनयन गर्न सक्ने व्यवस्था, ऐ धारा ४७ (ख) मा केन्द्रीय कमिटीका दुई अध्यक्ष मध्ये कुनैले राजिनामा दिन चाहेमा अर्को अध्यक्ष समक्ष पेश गर्ने व्यवस्था, ऐ धारा ४८ (क) (३) मा अनुशासनात्मक कारवाहीमा परी पदबाट निष्काशित भएमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुने व्यवस्था, ऐ धारा ४९ (क) मा धारा ४८ (क) बमोजिम पार्टीको कुनै पनि कमिटी वा आयोगका पदाधिकारीको पद रिक्त भएमा सम्वन्धित कमिटी वा आयोगको दुई तिहाई बहुमतले र सदस्यको पद सामान्य बहुमतले पूर्ति गर्न सकिने व्यवस्था, ऐ. धारा ६१ (क) मा सो खण्डमा लेखिएको अवस्था प्रमाणित भएमा कुनै पनि पदाधिकारी, सदस्य र प्रदेश तथा स्थानीय कमिटीमाथि अनुशासनको कारवाही हुने व्यवस्था, ऐ. धारा ६१ (ख) (११) मा केन्द्रीय कमिटीको निर्णय उपर अनुशासन आयोगमा पुनरावेदन लाग्ने व्यवस्था र सो आयोगको निर्णय उपर राष्ट्रिय महाधिवेशन समक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था, ऐ. धारा ६५ (क) मा राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठकहरुमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाउने र निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय नै पार्टी निर्णय हुने व्यवस्था, ऐ. धारा ७१ (घ) मा विधानमा संशोधन गर्नु परेमा केन्द्रीय कमिटीको दुई तिहाई बहुमतले गर्न सक्ने व्यवस्था, ऐ. धारा ७७ मा केन्द्रीय कमिटीले बाधा अडकाउ फुकाउने व्यवस्था रहेको देखिन्छ।

दुवै पक्षबाट पत्राचार गर्दा वा जवाफ पेश गर्दा यस आयोगमा अभिलेखीकरण भएको विधान नभई पुस्तकको रुपमा प्रकाशित केही प्रावधान फरक रहेको विधान उद्धृत गरेको देखिए तापनि प्रस्तुत विषयमा आयोगमा मिति २०७५।२।२३ मा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) दर्ता गर्ने गरी आयोगले निर्णय गरी अभिलेख रहेको विधान नै आधार तथा प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने देखियो।

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष के पी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" ले छुट्टाछुट्टै पत्रहरूवाट सो पार्टीको पदाधिकारीको विवरण हेरफेर भएकोले राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गरी पाउँ भनी आयोगमा पेश गर्नु भएका पत्र एवं आयोगबाट सो पार्टीका अध्यक्ष के पी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई सोधनी भएका पत्रहरूको जवाफ र सो पत्रहरूसाथ संलग्न भइ पेश हुन आएका कागजातहरूको अध्ययन र जाँचवुझ गरी निर्णय तर्फ विचार गरी हेर्दा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच मिति २०७५।२।३ मा एकीकरण भई बनेको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) मिति २०७५।२।२३ मा निर्वाचन आयोगको निर्णयानुसार दल दर्ता भएको देखिन्छ। दुई पार्टी एकीकरण पश्चात् वनेको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को पहिलो बैठक के पी शर्मा ओलीको अध्यक्षतामा बसेको देखिएको र



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

त्यसपछिका सबै बैठकमा दुई अध्यक्ष मध्ये के पी शर्मा ओलीको नाम पहिलो नम्बरमा र पुष्पकमल दाहाल "प्रचण्ड" को नाम दोस्रो नम्बरमा लेख्ने गरेको समेत पेश भएका कागजातबाट देखिन्छ। २०७६ सालमा भएको प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको उपनिर्वाचन र २०७६ साल माघ ९ गते भएको राष्ट्रिय सभा सदस्यको निर्वाचनमा पार्टीको प्रमुख पदाधिकारीको हैसियतमा के पी शर्मा ओलीले उम्मेदवारको औपचारिक मनोनयनपत्रमा हस्ताक्षर गरेको पत्र आयोगमा पेश गरेको देखिएको र मिति २०७७।९।५ गते प्रतिनिधिसभा विघटन नहुँदा सम्म पार्टीमा कुनै फरक मत उत्पन्न भई सोको जानकारी आयोगमा कुनै पक्षले गराएको समेत देखिँदैन।

आयोगमा पठाइएका मिति २०७६।५।२९ को प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहको उपनिर्वाचनको प्रयोजनार्थ दल दर्ता गरीदिने भन्ने विषयको पत्रमा र मिति २०७६।८।३० गतेको २०७६।१०।०९ गते सम्पन्न भएको राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लगि दल दर्ता गरीदिने भन्ने विषयको पत्रमा दुवै अध्यक्षको हस्ताक्षर भएको देखिएको छ र ती दुवै पत्रसाथ संलग्न कागजातमा महासचिवको हस्ताक्षर भएको देखिएको छ। मिति २०७६ असोज २९ गते र मिति २०७६ पुष ६ गतेको उम्मेदवार मनोनयनका लागि औपचारिकपत्र प्रदान गर्ने अधिकार सम्बन्धमा भन्ने पत्रमा त्यस्तो अधिकार पार्टी अध्यक्ष के पी शर्मा ओलीलाई प्रदान गर्ने गरी पार्टी सचिवालयबाट अधिकार प्रदान गरेको देखिएको छ। मिति २०७६ असोज २९ गते र मिति २०७६ पुष ९ गतेको उम्मेदवार मनोनयनको निमित्त औपचारिकपत्र प्रदान गर्न अधिकार दिएको पदाधिकारीको विवरणमा अध्यक्ष के पी शर्मा ओलीको नाम लेखी निर्वाचन आयोगमा पठाएको देखिएको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम १६ को उपनियम (१) तथा सोही नियमावलीको अनुसूची-१२ बमोजिम निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ता गर्नु पर्ने कानूनी व्यवस्था अनुसार नेपाल कम्युनिष्ट पार्टी (ने क पा) ले २०७६ सालमा सम्पन्न भएको प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको उपनिर्वाचन प्रयोजनका लागि मिति २०७६।५।२६ गतेमा र २०७६।१०।०९ गतेमा भएको राष्ट्रिय सभाको निर्वाचन प्रयोजनका लागि मिति २०७६।९।१ गतेमा दल दर्ताको निवेदनसाथ पेश भएका कागजातमा दुवै अध्यक्षले प्रश्न उठाएको देखिएको छैन।

आयोगमा प्राप्त हुन आएका पत्रहरूको अध्ययन तथा जाँचबुझ गरी हेर्दा एउटै पार्टीको नामबाट एकै दिनमा केन्द्रीय कमिटीको दुइवटा फरक फरक बैठक बसेको र फरक फरक निर्णय भएको हुँदा कुन निर्णयलाई आधिकारिक मानी अभिलेखीकरण गर्ने भन्ने सम्बन्धमा नेपालको संविधानको धारा २६९, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ र सो पार्टीको अन्तरिम विधान-२०७५ आकर्षित हुने देखियो। नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान-२०७५ को धारा १८ (ज)(२) मा अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी लगायतका बैठक बोलाउने र कार्यसूची तयार गर्ने व्यवस्था भएको र यस्तो बैठक बोलाउने अधिकार विधानतः अध्यक्षको



"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

परामर्शमा महासचिवलाई भएकोले सो विधान बमोजिम बैठक बोलाएको र बसेको भन्ने कुरा अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" र माधव कुमार नेपालले आयोगमा पठाउनु भएको माइन्युटको प्रतिलिपिबाट देखिएन। सो माइन्युटमा के पी शर्मा ओलीले २०७७।९।५ गते प्रतिनिधि सभा विघटन गरेको मूल कारण देखाई निजलाई अध्यक्ष पदबाट हटाई केन्द्रीय कमिटी सदस्य कायम रहेको भन्ने अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" ले दस्तखत गर्नु भएका मिति २०७७।९।८, २०७७।९।१०, २०७७।९।२० र २०७७।९।२९ गतेका पत्रहरूका साथै दलको विवरण हेरफेर भएको भन्ने निवेदनको ढाँचाबाट देखिन्छ। तर के पी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाउँदा सो पार्टीको विधानको धारा ६१ (क) को देहाय खण्डहरूमा उल्लिखित कुन अवस्था प्रमाणित भई अनुशासनको कारवाही गरेको हो भन्ने कुरा खुलेको देखिदैन।

उल्लिखित समग्र विषयलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिमको जानकारी आयोगमा अभिलेखीकरण गर्नुपर्ने विषयको हदसम्म मात्र सीमित रही निर्णय दिनु पर्ने देखियो। सो बाहेकका अन्य कुरामा अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" र माधव कुमार नेपालले हस्ताक्षर गरेको मिति २०७७।९।२० गतेको आयोगमा प्रेषित पत्रबाट नेपाल कम्युनिष्ट पार्टी (ने क पा) दलको एक अध्यक्ष परिवर्तन बाहेक पार्टी एकताबाट घोषित अन्य विवरणहरू आयोगमा रहेको यस दलको दर्ता किताबमा सबै विवरणहरु यथावतै कायम रहेकोले कुनै दावी प्रस्तुत गर्नुपर्ने अवस्था र स्थिति विद्यमान नभएको भनी उल्लेख गरेको स्थितिमा आयोगले केही बोली रहनु परेन।

विधानको धारा १८(घ) बमोजिम आगामी एकता महाधिवेशन सम्मको लागि केन्द्रीय कमिटीमा दुईजना अध्यक्ष, दुई जना वरिष्ठ नेता, एकजना महासचिव र एकजना प्रवक्ता रहने र केन्द्रीय कमिटी ४४१ सदस्यीय रहने व्यवस्था भए बमोजिम ती पदाधिकारी तथा केन्द्रीय सदस्य यथावत नै रहनु भएको भन्ने उल्लेख भएको देखिँदा उक्त दलबाट विभिन्न मितिमा प्राप्त हुन आएका फरक फरक विवरण राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (५) बमोजिम कुनै विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन सक्ने अवस्था देखिएन।

तसर्थ नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान-२०७५ को धारा १८(छ)(८) मा आधिकारिक निर्देशन र पत्राचारमा दुवै अध्यक्षको हस्ताक्षर रहने व्यवस्था, धारा ४३(ङ) मा केन्द्रीय कमिटीमा कूल सदस्य संख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्ने व्यवस्था, धारा ६१ मा भएको अनुशासनको कारवाही सम्बन्धी व्यवस्था, धारा ७१ मा भएको विधान संशोधन गर्नु परेमा केन्द्रीय कमिटीको दुई तिहाईले गर्न सक्ने व्यवस्था भएको देखिएकोमा सो बमोजिम गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ र ऐ. नियमावलीको अनुसूची-१८ बमोजिम दुवै अध्यक्षबाट उल्लिखित कानूनी व्यवस्थाको विधि तथा प्रक्रिया



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

पुऱ्याई विवरण परिवर्तन, संशोधन वा हेरफेरका लागि लेखी आएको नदेखिएको र ऐ. नियमावलीको नियम २५ को उपनियम (५) बमोजिम त्यस्तो विवरणमा आयोग सन्तुष्ट हुन नसकेकोले नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को कुनै विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन सक्ने देखिएन। राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (६) बमोजिम सो दलको साविकको विवरण नै कायम रहेको जानकारी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष के पी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" लाई दिने।"

२०७६।१०।१२

(गुरू प्रसाद वाग्ले)
उपन्यायाधिवक्ता



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np